प्रेस विज्ञप्ति

संयुक्त राष्ट्र संघको Commission on the Status of Women (CSW) को ६८ औं सत्र मिति २०८० फागुन २८ देखि चैत्र ९ (तदनुसार मार्च ११-२२, २०२४) सम्म संयुक्त राष्ट्र संघको मूख्यालय न्यूयोर्कमा सम्पन्न भएको छ। उक्त ६८ औं सम्मेलनको Priority theme: "Accelerating the achievement of gender equality and the empowerment of all women and girls by addressing poverty and strengthening institutions and financing with a gender perspective" रहेको छ। संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रहरुबाट आयोगको सत्रमा उच्चस्तरीय प्रतिनिधित्व हुने गरेकोमा माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री श्री भगबती चौधरीको नेतृत्वमा राष्ट्रिय महिला आयोग, राष्ट्रिय योजना आयोग समेतको सहभागितामा उच्चस्तरीय प्रतिनिधिमण्डलले सहभागिता जनाएको थियो। माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रीज्यूबाट उक्त सम्मेलनको General Discussion Round मा राष्ट्रको तर्फबाट लैङ्गिक समानता, सामाजिक तथा आर्थिक क्षेत्रमा नेपालले लिएका नीतिगत तथा कानुनी व्यवस्थाका साथै राजनैतिक, आर्थिक तथा सामाजिक क्षेत्रमा महिला सहभागीताको वर्तमान अवस्था, समस्या तथा चुनौतिहरुलाई समाबेश गरी नेपालको धारणा प्रस्तुत गर्नु भएको थियो ।

साथै उक्त सम्मेलनको Ministerial Round Table मा “Mobilizing financing for gender equality and the empowerment of all women and girls: Policies and Strategies to end women’s and girls” भन्ने Theme मा नेपालको तर्फबाट धारणा राखिएको थियो । उक्त सत्रमा विभिन्न राष्ट्रहरू तथा अन्तराष्ट्रिय संघसंस्थाबाट आयोजित विभिन्न Side Events हरुमा नेपालले Co-host/Co-chair को रुपमा सहभागिता जनाउनुका साथै विभिन्न संघसंस्थाहरूले आयोजना गरेको Paraller Events मा समेत प्रतिनिधिमण्डलले सहभागिता जनाई असल अभ्यासहरूको आदानप्रदान साथै प्राप्त अवसर र चुनौतीहरूको समीक्षा गरिएको थियो ।

“Making Taxes Work for Women: Key challenges and Opportunities for Developing Countries and for LDCs, LLDCs and SIDS in Particular” theme मा LDC Watch ले आयोजना गरेको Side Event मा समेत माननीय मन्त्रीज्यूले नेपालको तर्फबाट सम्बोधन गर्नुहुँदै नेपालमा साना मझौला उद्योगमा महिला सहभागिताको अवस्था, महिलाको सम्पत्तिमा पहुँच बढेको विषय साथै सहकारीमा महिला सहभागिता ५६ प्रतिशत पुगेको विषयलाई मुख्य रूपमा प्रस्तुत गर्नुभएको थियो ।

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरवार, काठमाडौं

Permanent Mission of Ireland to the United Nations सँग संयुक्त रूपमा आयोजना गरेको "Pathways to change Celebrating Stories of Hope and Inspiration on Sexual and Reproductive Health and Rights" Theme रहेको Side event मा नेपालमा प्रजनन स्वास्थ्य सेवाको प्रवर्धनमा भएका प्रयासहरु र उपलब्धीहरुका सम्बन्धमा नेपालको धारणा प्रस्तुत गरिएको थियो। साथै Feminist financing for SRHR and Gender Equality: Policies, Partnership and Practices theme मा आयोजित Side Events मा समेत नेपालले Co-Chair को रूपमा नेपालमा लैङ्गिक समानता कायम गर्न गरिएका प्रयासहरू साथै प्रजनन स्वास्थ्य अधिकारका सम्बन्धमा असल अभ्यासहरू समावेश गरि नेपालको धारणा प्रस्तुत गरिएको थियो ।

"Addressing the Root Cause of Poverty Among Women and Girls from Descent Communities and the Impact of UN Programming and NGOs" theme मा UN Women, UNFPA, GFOD सहितको आयोजनामा गरिएको Side Event मा समेत Co-Host को रुपमा सहभागिता जनाई नेपालमा गरीबी निवारणका लागि अवलम्बन गरिएको रणनीति र प्राप्त सफलताहरूको सम्बन्धमा धारणा राखिएको थियो। उक्त सम्मेलनमा नेपाल सरकारले अवलम्बन गरेका नीतिगत कानुनी व्यवस्था, संस्थागत व्यवस्था साथै कार्यक्रम तथा क्रियाकलापहरूको प्रभावकारिता, असल अभ्यासहरूको जानकारी विश्व समुदायलाई दिनुका साथै समस्या र चुनौतीहरू सामना गर्न साझा निष्कर्ष सहित कार्यक्रम सम्पन्न भएको थियो ।

चैत १३, २०८०

इन्दु घिमिरे
प्रवक्ता/सहसचिव

इन्दु घिमिरे
सह सचिव